कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

# बरुण हाइड्रोपावर कम्पनी लिमिटेड
# Barun Hydropower Company Limited

रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं. ३, महाराजगञ्ज, काठमाण्डौ, फोन नं. : ५७०५५९०/५७०५१५९
इमेल: barunhydro@gmail.com / वेभसाइटः www.barunhydro.com.np

## शिलबन्दी बोलपत्रद्वारा शेयर बिक्री गर्ने बारे सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति : २०८२/०५/२९**

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२/०६/१२**

बरुण हाइड्रोपावर कम्पनी लिमिटेडको हकप्रद शेयरहरु मिति २०८२/०३/३१ गतेका दिन देखि २०८२/०५/०३ गते सम्म बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा तपसिल बमोजिम कित्ताको लागि आवेदन नपरेकाले प्रचलित नियम कानून तथा धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०७३ को नियम २१ प्रावधानलाई आधार मानी उक्त शेयरहरु बोलकबोल बढाबढ गरी बिक्री गर्ने यस कम्पनीको संचालक समितिको निर्णयानुसार उक्त शेयरहरु खरीद गर्न योग्य इच्छुक व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले **मिति २०८२ आश्विन १२ गते बैकिङ्ग समयभित्र** देहाय बमोजिमको स्थानहरुमा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ ।

**तपसिल**

| सि.नं. | बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान (संकलन केन्द्र) हरुः |
|---|---|
| १. | श्री आरविवि मर्चेन्ट बैकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौ । |
| २. | श्री राष्ट्रिय वाणिज्य बैंक लिमिटेड **शाखा कार्यालयहरुः** वीरगञ्ज-पर्सा, जनकपुर-धनुषा, नारायणगढ-चितवन, बाग्लुङ्ग, बुटवल-रुपन्देही, नेपालगञ्ज-बाँके, वीरेन्द्रनगर-सुर्खेत, धनगढी-कैलाली, बिर्तामोड-झापा, हेटौडा-मकवानपुर, तुल्सीपुर-दाङ्ग, महेन्द्रनगर-कञ्चनपुर, चैनपुर-संखुवासभा, खांदबारी-संखुवासभा, धरान-सुनसरी । |

**बोलपत्रद्वारा बिक्री गरिने शेयरको विवरणः सर्वसाधारण तर्फको शेयर : २,३८,४४३ कित्ता**

**शर्तहरुः**

१. बोलपत्र आवेदन फाराम रु.१००/- भुक्तानी गरी माथि उल्लेखित संकलन केन्द्रहरुबाट प्राप्त गर्न सकिनेछ ।

२. बोलपत्र आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ताको दर रेट अंक र अक्षरमा स्पष्टसँग लेख्नु पर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ । केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ ।

३. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु.१००/- तोकिएको हुँदा सो वा सो भन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नुपर्नेछ । एकै व्यक्ति वा कम्पनीले विभिन्न मूल्यमा शेयर खरिद गर्न चाहेमा भिन्दा भिन्दै शिलबन्दी खाममा आवेदन दिनुपर्नेछ । लगानी व्यवस्थापकले आफ्ना ग्राहकहरुको नामबाट आवेदन गर्दा आफ्नो आधिकारीक पत्र मार्फत तोकिए अनुरुपको सूची बनाई सम्पूर्ण आवेदकहरुको लागि गरिने लगानी रकम लगानी व्यवस्थापकले एउटा चेक मार्फत पेश गर्न सक्नेछ ।

४. शेयर खरीदको लागि बोलकबोल पेश गर्दा न्यूनतम १०० कित्ता वा सो भन्दा बढीको लागि १० अंकले भाग जाने संख्यामा वा अधिकत्तम २,३८,४४३ कित्ता सम्मको लागि आवेदन दिन सकिने छ । दशमलव (खण्डित रुपमा) आउने गरी शेयर संख्याको लागि आवेदन गर्न पाइने छैन ।

५. शिलबन्दी खाम बाहिर "**श्री बरुण हाइड्रोपावर कम्पनी लिमिटेडको सर्वसाधारण शेयर खरीद आवेदन**" उल्लेख भएको हुनु पर्नेछ ।

६. शेयर आवेदन फारम नेपाली तथा अंग्रेजी भाषामा पूर्ण रुपले भरी बोलपत्र दाताले बोलपत्र आवेदन साथ आफुले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको हुन आउने सम्पूर्ण रकम मिति २०८२/०६/१२ गते सम्ममा तल उल्लेख गरे बमोजिमको बैंक खातामा जम्मा हुने गरि धरौटी वापत जम्मा गरेको सक्कल भौचर (Deposit Slip) संग्लन गर्नुपर्नेछ । साथै, चेकको माध्यमबाट आवेदन गर्नेको हकमा RBBMBL-BARUN को नाममा जारी गरिएको नेपाल क्लियरिङ्ग हाउस लि. को सदस्य भएको बैंक तथा वित्तीय संस्थाको Good For Payment गरिएको A/C Payee Cheque वा Manager's Cheque संलग्न गर्नु पर्नेछ । सो नभएको चेकलाई मान्यता दिईने छैन । साथै Good For Payment गर्दा लाग्ने शुल्क आवेदक स्वयंले व्यहोर्नु पर्नेछ तथा रु. २ लाख भन्दा बढी रकमको Good For Payment को चेक जम्मा गर्नेको हकमा चेक क्लियरिङ्ग शुल्क वापतको रकम बोलपत्र आवेदन फारामका साथ अनिवार्य बुझाउनु पर्नेछ ।

साथै, बोलपत्रदाताहरुले IPS मार्फत समेत रकम जम्मा गरी बोलपत्र पेश गर्न सकिनेछ । यसरी IPS मार्फत बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताहरुले यस कम्पनीको तल उल्लेखित बैंक खातामा IPS मार्फत रकम जम्मा गरी सो को प्रमाण पुस्टि गर्ने कागजात (IPS भौचर) संलग्न गरि शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।

| क्र.सं | बैंकको नाम | खाताको नाम | खाता नं. |
|---|---|---|---|
| १. | राष्ट्रिय वाणिज्य बैंक लि., टेकु शाखा | RBBMBL-BARUN | १७००१०००२४८६००१ |

७. शेयर बाँडफाँड गर्दा सबै भन्दा बढी बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी कबोल गर्नेलाई बिक्री गरिनेछ । बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँड गरिनेछ । शेयर बिक्री गर्ने वा नगर्ने सम्पूर्ण अधिकार निष्काशन कम्पनीमा निहित रहनेछ ।

८. बोलपत्रवालाले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. (Demat Account no.) र बैंक खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ । साथै रु. ५ लाखसम्मको आवेदन दिनेले स्वेच्छिक रुपमा र रु. ५ लाख भन्दा बढी रकमको आवेदन दिनेले अनिवार्य रुपमा आफ्नो प्यान नं. (PAN) आवेदन फारममा उल्लेख गर्नु पर्नेछ ।

९. बोलपत्रवालाले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन ।

१०. बोलपत्र दाखिला गरिसकेपछि बोलपत्रमा कबोल गरेको शेयर संख्या वा रकममा कुनै हेरफेर गर्न वा बोलपत्र फिर्ता लिन सकिने छैन ।

११. बोलपत्रहरु सम्पूर्ण संकलन केन्द्रहरुबाट बिक्री प्रबन्धकको कार्यालयमा संकलन भए पश्चात् बोलपत्र खोलिने मिति समय र स्थान उल्लेख गरी राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरी जानकारी गराए पश्चात् खोलिने छ ।

१२. उपत्यका बाहिरका संकलन केन्द्रहरुबाट संकलित आवेदन फारमहरु कुरियर मार्फत पठाउनु पर्ने भएकाले कुनै कारणवश काबु बाहिरको परिस्थिति पर्न गई बिक्री प्रबन्धकको कार्यालयमा समयमा पठाउन नसकेमा वा समयमा प्राप्त हुन नसकेमा वा बिचमा नै नष्ट हुन गएमा नियामक निकायको राय सुझाव लिएर मात्र लिलाम बढाबढको आवश्यक प्रक्रिया अगाडी बढाईनेछ ।

१३. म्याद नाघी आएको वा रित नपुगेको आवेदन/बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१४. बोलपत्र दाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संस्था, कम्पनी हुनु पर्नेछ । आवेदक संगठित संस्था/कम्पनी भएमा दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा शेयर खरिद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि तथा अख्तियारनामा समेत पेश गर्नु पर्नेछ ।

१५. बोलपत्र आवेदकहरु मध्ये बोलकबोलमा नपरेको आवेदकहरुको रकम "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४" मा व्यवस्था भए बमोजिम फिर्ता भुक्तानी गरिने छ । साथै सो रकममा कुनै किसिमको ब्याज प्रदान नगरिने व्यहोरा पनि जानकारी गराइन्छ ।

१६. आवेदक प्रचलित कानुन बमोजिम कम्पनीको शेयर खरिद गर्न योग्य हुनु पर्नेछ । संगठित संस्था/कम्पनीको हकमा प्रबन्धपत्र नियमावलीमा शेयर खरिद बिक्री गर्न सक्ने व्यवस्था रहेको हुनुपर्नेछ । साथै बोलकबोल शेयरको लागि गरेको लगानीको स्रोतको वैधानिकता आवेदक स्वयंले सावित गर्नुपर्नेछ र नियमन निकायबाट माग भई आएको खण्डमा उक्त लगानीको श्रोत उपलब्ध गराउन मञ्जुर हुनु पर्नेछ ।

**बिक्री प्रबन्धकः**

आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड
RBB MERCHANT BANKING LIMITED
A subsidiary company of Rastriya Banijya Bank Ltd.

**आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड**
पोष्ट बक्स नं. ६६३, टेकु, काठमाण्डौ, नेपाल
फोनः ५३४३२६५/५३४०९३२/५३४०९३३, फ्याक्सः ५३४५०१८
E-mail: rbbmbl@rbbmbl.com.np, Website : www.rbbmbl.com.np

२०८२ भाद्र २३ गतेको नागरिक र कारोबार दैनिकमा प्रकाशित गर्ने ।